

## परिचय

ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना (RVWRMP) नेपालको मध्य तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका दशवटा जिल्लाहरुमा काम गर्दछ । परियोजनाले ग्रामीण क्षेत्रमा जलश्रोतको औचित्यपूर्ण, समतामूलक र दीगो योजना तर्जुमा तथा प्रयोगको माध्यमवाट स्थानीय जनताको जीवनस्तर र वातावरणीय अवस्थामा सुधार तथा ग्रामीण जीविकोपार्जनमा सुधार गर्ने अवसरहरुमा वृद्धि गर्ने उद्देश्य लिएको छ ।

ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाले गर्ने कार्य:

- उपलब्ध जलश्रोतको योजना तर्जुमा, व्यवस्थापन र प्रयोगको लागि सुधारिएको संस्थागत क्षमता,
- स्वास्थ्य तथा सरसफाई प्रवर्द्धन र आर्सेनिक न्यूनीकरण लगायत स्वच्छ खानेपानी तथा सरसफाई सेवामा पहुँच,
- सिँचाई सेवाको उपलब्धता,
- लघुजलविद्युत सेवा
- ग्रामीण जीविकोपार्जन तथा स्वास्थ्यमा सुधार



## अवधारणा

ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना, समुदायको मागमा आधारित भै दीगो सुविधा स्थापना गर्नको लागि प्राविधिक, आर्थिक तथा व्यवस्थापकीय सहयोग प्रदान गर्दछ । परियोजना सहभागितात्मक तथा लैङ्गिक संवेदनशील पद्धतिको अनुसरण र समुदायलाई आत्मनिर्भरता तर्फ बढाउन सहयोग गर्दछ ।

लैङ्गिक तथा सामाजिक समावेशीकरण परियोजनाका अन्तरनिहित विषयवस्तुहरु हुन् र यिनलाई परियोजनाका सबै चरण, सबै तहमा मूलप्रवाहीकरण गरिएको छ ।

ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना नेपाल सरकार र फिनल्याण्ड सरकार वीचको द्विपक्षिय परियोजना हो । यो परियोजना स्थानीय विकास मन्त्रालय/डोलिडार तथा दशवटा जिल्लाका जिल्ला विकास समितिहरु मार्फत कार्यान्वयन गरिन्छ । ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना ५३ गाउँ विकास समितिहरुमा कार्यरत छन ।



परियोजनाको पहिलो चरणको (बि.स २०६३ - २०६७) कुल बजेट एक अरव बीस करोड रुपैंया ( १ करोड ३८ लाख युरो) रहेको छ । उक्त वजेटको अतिरिक्त थप वजेट १५ लाख युरो समेत रहेको छ ।






## २०६६ आषाढ मसान्त सम्ममा हासिल भएको उपलब्धि

ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना तेश्रो आर्थिक वर्षको अन्त्यसम्ममा ३८१ वटा विभिन्न योजनाहरुमा काम गरिरहेको छ । जसमध्ये १५५ वटा योजनाहरु सम्पन्न भै निर्माण पश्चातको चरणका क्रियाकलापहरु आरम्भ हुने अवस्थामा रहेका छन् ।

| | खानेपानी | सरसफाई | अन्य |
|---|---|---|---|
| जम्मा योजना संख्या | २५६ | ८३ | ४२ |
| तयारी चरण | १०% | ५% | १२% |
| तयारी चरण सम्पन्न | ६% | ४% | १०% |
| कार्यान्वयन चरण | ४९% | ३१% | ४३% |
| सम्पन्न | ३५% | ६०% | ३६% |

"अन्य" अन्तर्गत सिँचाई, लघुजलविद्युत, वातावरण संरक्षण र सुधारिएको पानी घट्ट आदि पर्दछन् ।

### चौथो आर्थिक वर्षको कार्ययोजना - सारांश

- यस वर्षको लागि कुल वजेट मध्ये ३० प्रतिशत वांकी रहेको छ ।
- निर्माण चरणमा रहेका ९५% योजनाहरु सम्पन्न गरिने,
- सघन क्षमता विकास प्याकेजको कार्यान्वयन तथा मूल्याङ्कन । जसमा निर्माण पश्चातको चरण, संस्थागत विकास, जीविकोपार्जन, सरसफाई तथा स्वास्थ्य, प्राविधिक तथा लैंगीक एवं सामाजिक समावेसीकरणसंग सम्बन्धित कार्यक्रम पर्दछन् ।
- पानीको गुणस्तर परीक्षण तथा पानी सुरक्षा योजना मार्फत पिउने पानीको गुणस्तरको सुनिश्चितता ।
- परियोजनाको पहिलो चरणका नतीजाहरुको मूल्याङ्कन गर्ने तथा सिकाईहरुको दस्तावेजीकरण ।

FCG Finnish Consulting Group



ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना (RVWRMP)


**सम्पर्क:**

info@rvwrmp.org.np
www.rvwrmp.org.np

**मुख्य कार्यालय, परियोजना सहयोग इकाई (धनगढी)**

ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना
पो.व. नं. ४०
तारानगर, धनगढी - ५
कैलाली जिल्ला, नेपाल
फोन: ०९१-५२६२६२/३/४
फ्याक्स: ०९१-५२६२६१

**सम्पर्क कार्यालय (काठमाडौं):**

मानभवन
जावलाखेल, ललितपुर
नेपाल
फोन: ०१-५५५०६२८
फ्याक्स: ०१-५५२१४७१


ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाको कार्यान्वयन गर्ने परामर्शदातृसंस्था FCG Finnish Consulting Group हो ।

www.fcg.fi



# ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना (RVWRMP)

## पहिलो चरण - (बि.स २०६३ - २०६७)

